# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क १
(२०८० पुस १६ गतेदेखि २०८० चैत १८ गतेसम्म)

## सुदूरपश्चिम प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीद्वारा यस प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रूपमा स्थिति सूचक प्रकाशन गर्दै आएको छ।

मानव अधिकारको चित्रण गरिएको यस प्रकाशनबाट सरोकारवालाहरू मानव अधिकारको अवस्थाका बारेमा जानकार रहने आशा गरिएको छ। सन् २०२४ जनवरीदेखि मार्चसम्मको अवधिमा यस प्रदेशका इन्सेक जिल्ला प्रतिनिधिहरूले प्रत्यक्ष अनुगमनबाट प्राप्त गरेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका प्रतिनिधिमूलक घटनाहरूलाई यस प्रकाशनमा समावेश गरिएको छ।

बिगत झैँ यस वर्षका तीन महिनाको अवधिमा पनि यस प्रदेशको मानव अधिकारको अवस्थामा सुधार आउन सकेन। यस अवधिमा पनि मानव अधिकार उल्लङ्न र ज्यादीका घटनाहरू भए। अपराधका घटनाहरुमा कमी आउन सकेन।

यस अवधिमा (सन् २०२४ जनवरीदेखि मार्चसम्म) राज्य पक्षबाट एक जना महिला सहित तीन जना र गैरराज्य पक्षबाट २ सय ३८ जना महिला सहित २ सय ४३ जना पीडित भए। यस अवधिमा राज्य पक्षबाट एक जनालाई गिरफ्तार गरियो। यस अवधिमा गैरराज्य पक्षबाट २ सय १९ जना महिलाको अधिकार हनन् गरिएको पाइयो। जसमध्ये घरेलु हिंसाबाट १ सय ८९ जना, बलात्कारबाट २२ जना, बलात्कार प्रयासबाट एक जना, बेचबिखन तथा ओसारपसारबाट एक जना र वहुविवाहबाट ६ जना गरी २ सय १९ जना पीडित भए। बाल अधिकार र महिला अधिकार हनन्का घटना यस अवधिमा पनि रोकिएन्। गैरराज्य पक्षबाट १८ जना बालिकाहरु पीडित भएको पाइयो। जसमध्ये बलात्कारबाट ११ जना, यौन दुर्व्यवहारबाट ६ जना र बाल विवाहबाट एक जना गरी १८ जना पीडित भए।

यस अवधिमा भएका घटनाहरुको विश्लेषण गर्दा राज्यपक्षबाट मानव अधिकार उल्लङ्घनका न्युन घटना भएको पाइयो भने गैरराज्य पक्षबाट बढी मानव अधिकार ज्यादतीका घटनाहरु भएको पाइयो। यसले कानुनी शासनमाथि प्रश्न गरेको प्रष्ट हुन्छ।

नागरिक तथा राजनीतिक अधिकारका क्षेत्रमा तुलनात्मक रूपमा सुधार भएको पाइए पनि आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको अवस्थामा यस अवधिमा पनि प्रगति भएको देखिएन। निःशुल्क तथा अनिवार्य शिक्षाको सुनश्चितता संविधानमा गरिएको भए पनि व्यवहारिक रूपमा कार्यान्वयन हुन नसकेको अवस्था छ। विभिन्न बहानामा विद्यालयमा शुल्कहरू

लिने गरिएका गुनासाहरू प्रसस्त आउने गरेका छन् । सामुदायिक शिक्षाको गुणस्तर दिनप्रतिदिन घट्दो अवस्थामा छ। किसनाहरुले समयमै मल, बिउबिजन पाउन नसकेको अवस्था छ । मुक्त कमैया, मुक्त हलियाहरुको पुनर्स्थापना हुन नसकेको अवस्था छ । विस्तृत शान्ति सम्झौता भएको झण्डै १८ वर्ष बितिसक्दा पनि सङ्क्रमणकालिन न्यायका सवालहरू सम्बोधन नगरिदा न्याय पाउनबाट वञ्चित हुन परेको द्वन्द्वपीडितहरुको गुनासो छ । अपाङ्गता भएका व्यक्ति, दलित समुदाय, अल्पसङ्ख्यक समुदाय, तेस्रो लिङ्गिगहरूले अधिकार पाउन नसकेको गुनासो छ । निर्माण गरिएका अधिकांश भौतिक संरचनाहरू अपाङ्गमैत्री छैनन् । प्रदेश सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेट समावेशी नभएको भन्दै आन्दोलनहरू भइरहेका छन् । मुलुक भित्रै रोजगारी सृजना हुन नसक्दा सुदूरपश्चिम प्रदेशका युवा जनशक्ति भारत तथा खाडीमुलुकहरूमा पलायन हुन बाध्य भएका छन् ।

नेपालले हस्ताक्षर गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरू र नेपालको संविधानमा उल्लेखित मौलिक अधिकारको प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको छ । नागरिकहरूका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई सुनिश्चित गर्न राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको पूर्ण कार्यान्वयन गरी नागरिकका हक–अधिकारहरू सुनिश्चित गर्न आवश्यक छ।

अन्त्यमा, मानव अधिकार संरक्षण तथा प्रवर्धनमा सबै पक्षको भूमिका महत्त्वपूर्ण हुन्छ। बिगत झैँ हामीले सङ्कलन गरेका सूचनाहरूलाई प्रकाशन गर्ने कामको निरन्तरता स्वरूप यस तीन महिनाको मानव अधिकार अवस्था समेटेर स्थिति सूचक प्रकाशन गरेका छौँ । यहाँहरूबाट अमुल्य सुझाव, सल्लाह र सहयोग इन्सेकलाई प्राप्त हुने नै छ भन्ने विश्वास सहित ।

**खडकराज जोशी**
संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी–मार्च २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | | | | ४ | ४ | ४ |
| धम्की | | | | १ | | १ | १ |
| बाल अधिकार | | | | १९ | | १९ | १९ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| गिरफ्तारी | | १ | १ | | | | १ |
| महिला अधिकार | २ | | २ | २२३ | | २२३ | २२३ |
| जम्मा | २ | १ | ३ | २४३ | ५ | २४८ | २५१ |

# सुदूरपश्चिम प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० पुस १६ गतेदेखि चैत १८ गतेसम्म)

### गिरफ्तार

**दार्चुला**

मार्मा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोशन अधिकारीले २०८० फागुन २४ गते आफूबस्दै आएको सरकारी निवासमा आगजानी गरेको आरोपमा प्रहरीले ०८० चैत ५ गते जिल्ला सदरमुकाम खलङ्गाबाट गिरफ्तार गऱ्यो। प्रशासकीय अधिकारीले आफ्नो निवासमा आगजनी गरी आफ्नो हत्या गर्ने प्रयास गरिएको भन्दै फागुन २५ गते ईलाका प्रहरी कार्यालय लटिनाथमा जानकारी दिएको र घटनाको अनुसन्धान गर्दा आगजनीमा स्वयम प्रशासकीय अधिकृतको नै संलग्नता रहेको पाइएपछि गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर ज्ञानेन्द्रबहादुर सिंहले बताए। जिल्ला अदालतबाट चैत ५ गते अपराधिक उपद्र गर्न नहुने मुद्दा जिल्ला अदालतमा दर्ता गरी अनुसन्धान भइरहेको अवस्थामा जिल्ला अदातलका न्यायाधीश धुव्रकुमार ढकालको चैत ८ गते बसेको इजलासले आरोपितलाई २ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएपछि अरोपितलाई रिहा गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सिंहले बताए। प्रमुख प्रशासकीय अधिकृतको हत्याको प्रयास गरिएको घटनामा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका एसएसपी दिल्लीराज विष्ट नेतृत्वको टोलीले फागुन २६ गते मार्मा गाउँपालिकाको केन्द्र लटिनाथ पुगेर स्थलगत निरीक्षण गरेको थियो भने जिल्ला प्रहरी कार्यालय, दार्चुलाका इन्स्पेक्टर गोविन्द भण्डारी नेतृत्वको टोलीले घटनाको अनुसन्धान गरिरहेको थियो। अनुसन्धान भइरहेकै क्रममा जिल्ला अदालतले धरौटीमा रिहा गर्ने आदेश दिएपछि आरोपित प्रशासकीय अधिकृत अधिकारी रिहाभएका जिल्ला अदालतका सूचना अधिकारी एवं तहसिलदार गणेशबहादुर विष्टले बताए। मुद्दा जिल्ला अदालतमा बिचाराधीन रहेको छ।

### विस्फोटक पदार्थबाट घाइते

**कैलाली**

डडेल्धुरा जिल्ला आलिताल गाउँपालिका-८ का जेसिबि चालक २४ वर्षीय विकास थापा, सुर्खेत जिल्लाका रोलर अप्रेटर २२ वर्षीय हिरा थापा, चुरे गाउँपालिका-३ सहजपुरका ४५ वर्षीय बसन्त खडायत र मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका-३ हातखोलाका ३५ वर्षीय इन्जिनियर नविन देव २०८० फागुन ९ गते जमिनमूनि गाडिएको बिस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। चुरे गाउँपीलका-३ सहजपुरस्थित भासुभिर नजिकै बाटो खन्नेक्रममा बिस्फोटनमा परी घाइते भएका हिरा थापा, नवित देव र बसन्त खडायतको धनगढीस्थित मयामेट्रो अस्पतालमा उपचार भयो भने सामान्य घाइते भएका विकास थापाको सहजपुर स्वास्थ्य चौकीमा उपचार भयो। चुरे गाउँपालिका-३ सहजपुरस्थित भासुभिर नजिकै बाटो खन्ने र चौडा गर्ने क्रममा जमिनमूनि गाडिएको बिस्फोटक पर्दाथ विस्फोट भएर घटना भएकोले र द्वन्द्वकालको बेलामा जमिनमूनि गाडिएको बिस्फोटक पदार्थ हुन सक्ने भएकाले घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी कुलदिप चन्दले बताए।

### कुटपिट

**अन्यपक्षबाट**

**दार्चुला**

शैल्यशिखर नगरपालिकाका सहायक लेखापाल शेरबहादुर विष्टलाई २०८० चैत १६ गते गालिगलौज, हातपात, कुटपिट गरी कार्यालयको प्रिन्टर लगायतका समान तोडफोड गरेको आरोपमा प्रहरीले शैल्यशिखर नगरपालिका-९ का धनबहादुर विष्टलाई ०८० चैत १६ गते गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध चैत १८ गते अभ्रद व्यवहार गर्न नहुने कसूरमा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरी जिल्ला अदातलबाट १० दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर ज्ञानेन्द्रबहादुर सिंहले बताए।

**डडेल्धुरा**

परशुराम नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत कृष्णदेव जोशीलाई २०८० चैत १ गते कार्यपालिका बैठकमा कुटपिट गरेको आरोपमा

परशुराम नगरपालिकाका उपप्रमुख विमलाकुमारी बोहरा, सोही नगरपालिका- ७ का अध्यक्ष कर्णबहादुर धामी र सोही नपा- १ का अध्यक्ष लालबहादुर धामीविरुद्ध परशुराम नागरपालिकाका प्रमुख भरत बडायर जोशी र पीडित कृष्णदेव जोशीले चैत १ गते ईलाका प्रहरी कार्यालय, जोगबुढामा उजुरी दिए। प्रहरीले आरोपित सबै जनालाई चैत १ गते घरबाट गिरफ्तार गरी तीन घण्टा प्रहरी कार्यालयमा राखेर सोही दिन साँझ रिहा गऱ्यो। कुटपिटबाट घाइते भएका प्रशासकीय अधिकृत जोशीको स्वास्थ्य उपचार चैत १ गते जोगबुडा अस्पतालमा भयो। आरोपित पक्षले पनि नगरप्रमुख र प्रशासकीय अधिकृत विरुद्ध उजुरी दिने भनेपछि चैत १ गते नगरप्रमुख र प्रशासकीय अधिकृत जोशीले ईलाका प्रहरी कार्यालयमा दिएको उजुरी फिर्ता लिए। र, सोही दिन उनीहरूको रिहा गरियो। घटनाको सत्यतथ्य छानबिन गर्ने भन्दै चैत ७ गते जिल्ला प्रशासन कार्यालय, डडेल्धुराका प्रशासकीय अधिकृत कृष्णानन्द जोशीको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरिएको र छानबिन समितिले घटनाका सरोकारवालाहरुसँग बयान लिई प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको जिल्ला प्रशासन कार्यालय, डडेल्धुराका प्रशासकीय अधिकृत कृष्णानन्द जोशीले बताए।

### अमानवीय व्यहार

#### डडेल्धुरा

आलिताल गाउँपालिका-३ का ४० वर्षीय जयसिंह महरलाई २०८० माघ २८ गते मोसो दलेर दुर्व्यवहार गरेको आरोपमा मोहन वैद्य नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) कार्यकर्ता आलिताल गाउँपालिका-२ कनेडी स्थायी घर भई डोटी जिल्ला जोरायल गाउँपालिका-१ गैरा बजार बस्दै आएका ३० वर्षीय कमल थापामगर विरुद्ध पीडितले माघ २९ गते आलिताल प्रहरी चौकीमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत ६ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध चैत २३ गते सार्वजनिक कसूर अन्तर्गत जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयको चैत २३ गते को आदेश अनुसार आरोपितलाई १० हजार रुपियाँ धरौटीमा रिहा गरिएको जिल्ला प्रशासन कार्यालयका नायब सब्बा चन्द्र रोकायले बताए। मुद्दा जिल्ला प्रशासन कार्यालयमा बिचाराधी रहेको छ।

#### कैलाली

लम्कीचुहा नगरपालिका शिक्षा शाखा अधिकृत ३९ वर्षीय गौरीकान्त न्यौपानेलाई २०८० माघ २२ गते मोसो दलेर दुर्व्यवहार गरेको आरोपमा क्रान्तिकारी युवा सङ्गठन नेपालका कार्यकर्ताविरुद्ध पीडित पक्षले माघ २३ गते ईलाका प्रहरी कार्यालय, लम्कीमा उजुरी दियो। प्रहरीले क्रान्तिकारी युवा सङ्गठन नेपालका सुदूरपश्चिम प्रदेश इन्चार्ज लम्कीचुहा नगरपालिका-९ का ३१ वर्षीय भुवन रम्तेललाई माघ २३ गते कैलारी गाउँपालिका-७ बाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध सार्वजनिक अपराध अन्तर्गत जिल्ला प्रशासन कार्यालय, कैलालीमा माघ २३ मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयको फागुन १३ गतेको आदेशमा आरोपितलाई २ हजार रुपियाँ धरौटीमा साधारण तारिखमा रिहा गरिएको जिल्ला प्रशासन कार्यालयका मुद्दाफाँटका प्रमुख दुर्गाप्रसाद जोशीले बताए।

### बाल अधिकार

#### बलात्कार, यौनदुर्व्यवहार

##### बझाङ

१० वर्षीया बालिकालाई २०८० पुस २४ गते बलात्कार गरेको आरोपमा खप्तडछान्ना गाउँपालिका-६ का ३० वर्षीय जनक आग्रीविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण २४ गते जिल्ला अस्पताल, सिमखेतमा भयो। प्रहरीले आरोपितलाई पुस २४ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत पुस २५ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुर्दशन लामिछानेको चैत ४ गते बसेको इजलासले आरोपितलाई ३ लाख ५० हजार रुपियाँ जरिवाना सहित १२ वर्ष ६ महिना कैद सजाय फैसला भएको जिल्ला अदालतका नायवसुब्बा सुशील सुवर्णकारले बताए।

१७ वर्षीया बालिकालाई २०८० फागुन ७ गते बलात्कार गरेको आरोपमा भारत उत्तर प्रदेशका २१ वर्षीय जनक घुन्सु सुकुवा ठाकुरविरूद्ध पीडित पक्षले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ९ गते जिल्ला अस्पताल, सिमखेतमा भयो। प्रहरीले आरोपितलाई फागुन ९ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन १० गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुर्दशन लामिछानेको फागुन २४ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदातलका नायवसुब्बा सुशील

सुवर्णकारले बताए।

१७ वर्षीया बालिकालाई २०८० फागुन ११ गते बलात्कार गरेको आरोपमा वित्थडचिर गाउँपालिका-३ पस्याडाका ५५ वर्षीय खड्के बोहराविरुद्ध पीडित पक्षले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते जिल्ला अस्पताल, सिमखेतमा भयो। प्रहरीले आरोपितलाई फागुन २७ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन २७ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुर्दशन लामिछानेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका नायवसुब्बा सुशील सुवर्णकारले बताए।

**डडेल्धुरा**

१२ वर्षीया बालिकालाई २०८० माघ ६ गते यौन दुर्व्यवहार गरेको आरोपमा आलिताल गाउँपालिका-५ का २० वर्षीय पुष्कर थापाविरूद्ध पीडित पक्षले माघ २९ गते ईलाका प्रहरी कार्यालय, जोगबुडामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २९ गते जोगबुढा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २९ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत अरोपितविरुद्ध फागुन १६ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीस हर्कबहादुर क्षेत्रीको फागुन १७ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको जिल्ला अदालतका श्रेष्तेदार दामोदर रेग्मीले बताए।

**बैतडी**

१३ वर्षीया बालिकालाई २०८० माघ २ गते बलात्कार गरेको भन्दै मेलौली नगरपालिका-२ डोबका २४ वर्षीय रमेस नायकविरुद्ध पीडित पक्षले ०८० माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ १५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध माघ १६ गते जबरजस्ती करणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत, बैतडीका न्यायाधीश हर्कबहादुर क्षेत्रीको फागुन २ गते बसेको इजलासले अरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर खेमविक्रम केसीले बताए।

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२४ को जनरीदेखि मार्चसम्म)**

| | |
|---|---|
| बालविवाह | १ |
| बलात्कार | ११ |
| यौन दुर्व्यवहार | ६ |
| जम्मा | १८ |

**डोटी**

९ वर्षीया बालिकालाई २०८० माघ १८ गते बलात्कार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २६ गते जिल्ला अस्पताल, डोटीमा भयो। प्रहरीले आरोपितलाई माघ २७ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरेपितविरुद्ध माघ २७ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदातलको आदेशमा सोही दिन माघ २७ गते पुर्पक्षका लागि जिल्ला कारागार पठाएको जिल्ला प्रहरी कार्यालयका असई राम नाथले बताए।

१२ वर्षीया बालिकालाई २०८० पुस १८ गते बलात्कार गरेको भन्दै पूर्विचौकी गाउँपालिका-७ का ४३ वर्षीय बाबुविरुद्ध पीडित पक्षले पुस २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते जिल्ला अस्पताल, डोटीमा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध पुस २६ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका असई राम नाथले बताए।

१७ वर्षीया बालिकालाई २०८० चैत १ गते बलात्कार गरेको भन्दै ३१ वर्षीय नातेदारविरुद्ध पीडित पक्षले चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते जिल्ला अस्पताल, डोटीमा भयो। प्रहरीले आरोपितलाई चैत ४ गते घरबाट

गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध चैत ५ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गरी अनुन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका असई राम नाथले बताए।

**अछाम**

१४ वर्षीया मानसिक सुन्तलन ठिक नभएकी बालिकालाई २०८० पुस १० गते यौन दुर्व्यवहार गरेको भन्दै१४ वर्षीय बालकविरूद्ध पीडित पक्षले माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागनु २ गते जिल्ला अस्पताल, मंगलसेनमा भयो। प्रहरीले अरोपितलाई माघ ३० गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध फागुन १९ गते. यौन दुर्व्यवहार अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश प्रकाश ढुङ्गानाको फागुन २३ गते बसेको इजलासले आरोपित बालकलाई बाल सुधार गृह, डोटी पठाउने आदेश दियो। आरोपित बालक बाल सुधार गृह, डोटीमा छन्।

१२ वर्षीया बालिकालाई २०८० फागुन २६ गते यौन दुर्व्यवहार गरेको आरोपमा ३५ वर्षीय बाबुविरुद्ध पीडितकी आमाले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २६ गते जिल्ला अस्पताल, मंगलसेनमा भयो। प्रहरीले अरोपितलाई फागुन २६ गते नै घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध फागुन ३० गते यौन दुर्व्यवहार अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश प्रकाश ढुङ्गानाको चैत २१ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी गुप्तिप्रसाद गौलीले बताए।

१७ वर्षीया बालिकालाई २०८० फागनु ११ गते अपहरण र शरीर बन्धनक बनाई बलात्कार गरको भन्दै बाँके जिल्ला वैजनाथ गाउँपालिका-६ एचगाउँका २१ वर्षीय भरत सुनारविरुद्ध पीडित पक्षले चैत १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत १२ गते बाँके जिल्लाबाट गिरफ्तार गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, अछामका इन्स्पेक्टर राजेन्द्रबहादुर साउदले बताए।

१० वर्षीया बालिकालाई २०८० चैत १५ गते यौन दुर्व्यवहार गरेको भन्दै साँफेबगर नगरपालिकाका १५ वर्षीय बालकविरुद्ध पीडित परिवारले चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकालाई सामान्य हातपात मात्रै भएको भन्दै उनको स्वास्थ्य परीक्षण भएन। प्रहरीले अरोपितलाई चैत १८ गते घरबाट गिरफ्तार गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजेन्द्रबहादुर साउदले बताए।

**कैलाली**

१७ वर्षीया बालिकालाई २०८० माघ १९ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-३ विशालनगरका १८ वर्षीय उमेश विष्टविरुद्ध पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २२ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई माघ २२ गते धनगढीबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध माघ २७ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश विष्णुप्रसाद अवस्थीको फागनु १६ गते बसेको इजलासले ५० हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला अदालतका शाखा अधिकृत कमल घलेले बताए।

१५ वर्षीया बालिकालाई २०८० माघ २ गते बलात्कार गरेको आरोपमा गौरीगंगा नगरपालिका-१ गोप्काका १८ वर्षीय श्यामबहादुर बमविरुद्ध पीडित पक्षले फागुन ७ गते ईलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ७ सेती प्रादेशिक अस्पताल धनगढीमा भयो। पीडित बालिकालाई आरोपितले गरेको बलात्कारबाट गर्भ रहन गएकाले आरोपितको भाउजु ३० वर्षीया दुर्गा बमले घटना लुकाउनका लागि जात नमिल्ने भन्दै असुरक्षित औषधी खुवाएर गर्भपतन गराएको आरोपमा प्रहरीले फागुन १५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध सरकारी वकिल कार्यालयमार्फत फागुन १६ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय, मालाखेतीका डिएसपी गणेश बरालले बताए।

१४ वर्षीया बालिकालाई २०८० फागुन १६ गते बलात्कार गरेको आरोपमा टिकापुर नगरपालिका-१ शक्तीनगर मुक्त कमैया शिविरका ६० वर्षीय आशाराम चौधरीविरुद्ध पीडित पक्षले फागुन १६ गते ईलाका प्रहरी कार्यालय, टिकापुरमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १६ गते टिकापुर अस्पताल, टिकापुरमा भयो। प्रहरीले आरोपितलाई फागुन १७ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध फागुन १९ गते

जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपितलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय, टिकापुरका डिएसपी विश्वराज अधिकारीले बताए।

१७ वर्षीया बालिकालाई २०८० माघ ६ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-५ जाईका ३० वर्षीय योगेश जोशीविरुद्ध पीडित पक्षले फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २१ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध फागुन २२ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपित फरार रहेकाले खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुलदिप चन्दले बताए।

१५ वर्षीया बालिकालाई २०८० फागुन २३ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-१५ उर्माका २४ वर्षीय मनोज रानाविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन २७ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध फागुन २९ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपितलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुलदिप चन्दले बताए।

१६ वर्षीया बालिकालाई २०८० फागुन २ गते बलात्कार गरेको आरोपमा लम्कीचुहा नगरपालिका-१ लम्कीका २० वर्षीय युवराज विष्टविरुद्ध पीडित पक्षले फागुन ६ गते ईलाका प्रहरी कार्यालय, भजनीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ६ गते टिकापुर अस्पताल, टिकापुरमा भयो। प्रहरीले आरोपितलाई फागुन ६ गते भजनीबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध फागुन २४ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको चैत १८ गते बसेको इजलासले पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

१६ वर्षीया बालिकालाई २०८० माघ २ गते बलात्कार गरेको आरोपमा गोदावरी नगरपालिका-४ बासकोटाका १९ वर्षीय दिनेश विकविरुद्ध पीडित पक्षले माघ ६ गते ईलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ६ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई माघ ६ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ २६ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको फागुन २२ गते बसेको इजलासले पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

पाँच वर्षीया बालिकालाई २०८० फागुन १४ गते यौनदुर्व्यवहार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-९ बंग्राकटानका २४ वर्षीय दिपक पार्कीविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन १५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध फागुन १६ गते यौन दुर्व्यवहार अर्न्तगत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपितलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुलदिप चन्दले बताए।

१२ वर्षीया बालिकालाई २०८० पुस २२ गते यौन दुर्व्यवहार गरेको आरोपमा कञ्चनपुर, पुर्नवास नगरपालिका-११ अमरवस्तीका २८ वर्षीय सुरेन्द्र चन्दविरुद्ध पीडित पक्षले माघ २५ गते जिल्ला प्रहरी कार्यालय, कैलाली उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई माघ २५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ २७ गते बाल यौन दुर्व्यवहार अर्न्तगत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको फागुन २२ गते बसेको इजलासले ५० हजार रुपियाँ धरौटी र साधारण तारेखमा रिहा गरिएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

चार वर्षीया बालिकालाई २०८० माघ २४ गते यौन दुर्व्यवहार गरेको आरोपमा गौरीगंगा नगरपालिका-६ बनबेहडाका २१ वर्षीय सुमन चौधरीविरुद्ध पीडित पक्षले माघ २४ गते ईलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई माघ २५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध फागुन १६ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका

न्यायाधीश दण्डपाणी लामिछानेको फागुन ३० गते बसेको इजलासले पुर्पक्षका लागि कारागार पठाएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

**कञ्चनपुर**

१५ वर्षीया बालिकालाई २०८० मङ्सिर महिनादेखि विवाहको प्रलोभन देखाई पटकपटक बलात्कार गरेको आरोपमा बेलडाँडी गाउँपालिका-३ का ३० वर्षीय मिलन कुँवरविरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते महाकाली प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई ०८० फागुन ५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध चैत ६ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश लिलाराज अधिकारीको चैत ७ गते बसेको इजलासले आरोपितलाई पुर्पपक्षका लागि थुनामा पठायो। मुद्दा जिल्ला अदालतमा बिचाराधीन रहेको छ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दूर्व्यवहार मानव बेचबिखन तथा ओसारपसार

**कैलाली**

२४ वर्षीया महिलालाई २०८० पुस २३ गते भारतमा लगेर बेचबिखन तथा ओसारपसार गरेको आरोपमा बाजुरा जिल्ला जगन्नाथ गाउँपालिका-२ का ४१ वर्षीय राजेन्द्रबहादुर शाहीविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस २४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई पुस २३ गते धनगढी उपमहनगरपालिका-२ भन्सारबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध पुस २५ गते बेचबिखन तथा ओसारपसार अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश डल्लुराम चौधरीको माघ २३ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका शाखा अधिकृत चेतबहादुर बोहराले बताए।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**बाजुरा**

३० वर्षीया महिलालाई २०८० माघ १० गते वैवाहिक बलात्कार गरेको आरोपमा ३० वर्षीया पतिविरुद्ध पीडितले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन ४ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध फागुन १४ गते वैवाहिक बलात्कार अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर दनसिंह भण्डारीले बताए।

**बझाङ**

१९ वर्षीया युवतीलाई २०८० माघ ९ गते बलात्कार गरेको आरोपमा खप्तडछान्ना गाउँपालिका-१ पुनागौडीका ४४ वर्षीय सत्यराज उपाध्यायविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १० गते जिल्ला अस्पताल, सिमखेतमा भयो। प्रहरीले आरोपितलाई माघ १० गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ ११ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुर्दशन लामिछानेको चैत ६ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका नायवसुब्बा सुशील सुवर्णकारले बताए।

२२ वर्षीया युवतीलाई २०८० चैत ११ गते सामुहिक बलात्कार गरेको आरोपमा बुंगल नगरपालिका-५ का २४ वर्षीय दिनेश नाथ, २५ वर्षीय लक्ष्मण नाथ र १९ वर्षीय उमेश बोहराविरुद्ध पीडित पक्षले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १२ गते जिल्ला अस्पताल, सिमखेतमा भयो। प्रहरीले आरोपित तीनै जनालाई चैत १२ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत १२ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी भरत शाहले बताए।

बैतडी

६३ वर्षीया महिलालाई २०८० पुस २८ गते बलात्कार प्रयास गरेको भन्दै पञ्चेश्वर गाउँपालिका-३ धर्मखानका धर्मसिंह धामीविरुद्ध पीडित पक्षले ०८० माघ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १ गते जिल्ला अस्पताल, बैतडीमा भयो। प्रहरीले अरोपितलाई माघ १ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपितविरुद्ध माघ २ गते जबरजस्तीकरणी उद्योगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको माघ ८ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२० वर्षीय महिलालाई २०८० पुस २२ गते बलात्कार गरेको भन्दै सुर्नया गाउँपालिका-३ बासगाउँका २२ वर्षीय राजेश विष्टविरुद्ध पीडित पक्षले ०८० फागुन ६ गते ईलाका प्रहरी कार्यालय, पाटनमा उजुरी दिए । पीडितको स्वास्थ्य परीक्षण फागुन ६ गते प्राथमिक स्वास्थ्य केन्द्र, पाटनमा भयो। आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर खेमविक्रम केसीले बताए।

३० वर्षीया महिलालाई २०८० पुस १७ गते बलात्कार गरेको भन्दै पुचौंडी नगरपालिका-१० विजयपुरका ४० वर्षीय हरी विष्टविरुद्ध पीडित पक्षले ०८० चैत १ गते इलाका प्रहरी कार्यालय पाटन, बैतडीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १ गते प्राथमिक स्वास्थ्य केन्द्र, पाटनमा भयो। आरोपित फारार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर खेमविक्रम केसीले बताए।

२२ वर्षीया महिलालाई २०८० माघ ४ गते बलात्कार गरेको भन्दै मेलौली नगरपालिका-५ खलिगाडका ४४ वर्षीय गणेश चन्दविरुद्ध पीडित पक्षले चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १३ गते जिल्ला प्रहरी अस्पताल, बैतडीमा भयो। आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर खेमविक्रम केसीले बताए।

**डोटी**

३५ वर्षीया महिलालाई २०८० फागुन २३ गते ४२ वर्षीय पतिले बैवाहिक बलात्कार गरेको भन्दै पीडित महिलाले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ५ गते जिल्ला अस्पतला, सिलगडीमा भयो। आरोपित फरार रहेकाले जोखी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, डोटीका असई राम नाथले बताए।

२७ वर्षीया महिलालाई २०८० चैत ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा जोरायल गाउँपालिका-१ का २० वर्षीय ज्ञानेन्द्र ओली र सोही ठाउँका २० वर्षीय रमेश परेलीविरुद्ध पीडित पक्षले चैत ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ८ गते जिल्ला अस्पताल, सिलगडीमा भयो। प्रहरीले आरोपितहरूलाई चैत ८ गते जोराइल गाउँपालिका-१ रुपसकाँडाबाट गिरफ्तार गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय,डोटीका असई राम नाथले बताए।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या**
**(सन् २०२४ को जनवरीदेखि मार्च)**

| | |
|---|---|
| बलात्कार | २२ |
| घरेलु हिंसा | १८९ |
| बहुविवाह | ६ |
| बलात्कार प्रयास | १ |
| मानव बेचबिखन तथ ओसारपसार | १ |
| जम्मा | २१९ |

**अछाम**

५० वर्षीया महिलालाई २०८० माघ १० गते बालत्कार प्रयास गरेको भन्दै रामारोशन गाउँपालिका-६ भाटाकाटियाका ५० वर्षीय दाने साउदविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते जिल्ला अस्पताल, मंगलसेनमा भयो। प्रहरीले अरोपितलाई माघ १२ गते घरबाट गिरफ्तार ग¥यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ १४ गते जबरजस्तीकरणी उद्योग अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश प्रकाश ढुङ्गानाको फागुन ११ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी गुप्तिप्रसाद गौलीले बताए।

**कैलाली**

३१ वर्षीया महिलालाई २०८० पुस १४ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-७ गौरीटोलका २३ वर्षीय सनि चौधरीविरुद्ध पीडित पक्षले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ९ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन ९ गते धनगढीबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध फागुन १० गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। आरोपितलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुलदिप चन्दले बताए।

२७ वर्षीया महिलालाई २०८० फागुन १४ गते बलात्कार गरेको आरोपमा लम्कीचुहा नगरपालिका-१ कुन्टीखेतका १८ वर्षीय विकास गिरीविरुद्ध पीडित पक्षले फागुन १५ गते ईलाका प्रहरी कार्यालय, लम्कीमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन १५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन १५ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध फागुन १७ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। आरोपितलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय, लम्कीका हवल्दार सुरबहादुर देउवाले बताए।

२४ वर्षीया महिलालाई २०८० फागुन १४ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-३ बडाहराका २७ वर्षीय रोशन कार्कीविरुद्ध पीडित पक्षले फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन २० गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध फागुन २१ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। आरोपित फरार रहेकाले खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुलदिप चन्दले बताए।

२५ वर्षीया महिलालाई २०८० फागुन १६ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-१० घुइयाघाटका २७ वर्षीय प्रवेश रानाविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित कहिलाको स्वास्थ्य परीक्षण फागुन २७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन २७ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध फागुन २९ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। आरोपितलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुलदिप चन्दले बताए।

६५ वर्षीया महिलालाई २०८० पुस २६ गते बलात्कार गरेको आरोपमा गौरीगंगा नगरपालिका-८ देउराली शिविरका २८ वर्षीय पदम दर्लामीमगरविरुद्ध पीडित पक्षले पुस २८ गते ईलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस २८ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई पुस २८ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध पुस २९ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश प्रदिपकुमार उपाध्ययाको माघ २३ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि करागार थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

२९ वर्षीया महिलालाई २०८० माघ १० गते बलात्कार गरेको आरोपमा अछाम कमलबजार नगरपालिका-७ भाटबाडाका ३० वर्षीय खगेन्द्र भाटविरुद्ध पीडित पक्षले माघ १४ गते ईलाका प्रहरी कार्यालय, सुखडमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई माघ १५ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ १७ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश प्रदिपकुमार उपाध्ययाको फागुन १३ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि करागार थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

४४ वर्षीया महिलालाई २०८० पुस १७ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-५ जाईका ४० वर्षीय केशर चन्दविरुद्ध पीडित पक्षले फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन ७ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध फागुन ९ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। आरोपितलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सरस्वती अधिकारीले बताइन्।

३० वर्षीया महिलालाई २०८० फागुन १२ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-१ का ४६ वर्षीय भुषण कामीविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित कहिलाको स्वास्थ्य परीक्षण फागुन १५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन १५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध फागुन १७ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपितलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सरस्वती अधिकारीले बताइन्।

**कञ्चनपुर**

३५ वर्षीया महिलालाई २०८० माघ १६ गते बलात्कार गरेको आरोपमा शुक्लाफाँटा नगरपालिका-८ फुलेलीका ३२ वर्षीय शेरबहादुर ऐरविरुद्ध पीडित पक्षले माघ १७ गते ईलाका प्रहरी कार्यालय, झलारीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १७ गते महाकाली प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ १७ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपितविरुद्ध फागुन ९ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश लिलाराज अधिकारीको फागुन १० गते बसेको इजलासले आरोपितलाई पुर्पपक्षका लागि थुनामा पठायो। मुद्दा जिल्ला अदालतमा बिचाराधीन रहेको छ।

मानसिक अवस्था ठिक नभएकी ५० वर्षीया महिलालाई २०८० माघ २९ गते बलात्कार गरेको आरोपमा कृष्णपुर नगरपालिका-२ वाणीका ३१ वर्षीय कृष्णानन्द पन्तविरुद्ध पीडित पक्षले माघ २९ गते ईलाका प्रहरी कार्यालय, झलारीमा उजुरी दिए। प्रहरीले आरोपितलाई ०८० माघ २९ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा भयो। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध फागुन २७ गते जबरजस्तीकरणी जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश लिलाराज अधिकारीको चैत ७ गते बसेको इजलासले आरोपितलाई पुर्पपक्षका लागि थुनामा पठायो।

२६ वर्षीया महिलालाई २०८० फागुन १ गते बलात्कार गरेको आरोपमा बेलडाँडी गाउँपालिका-३ का वडासदस्य ५९ वर्षीय पिल्चे चौधरीविरुद्ध पीडित पक्षले फागुन २ गते ईलाका प्रहरी कार्यालय, बेलडाँडीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा भयो। प्रहरीले आरोपितलाई फागुन १ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध फागुन २३ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश लिलाराज अधिकारीको फागुन २४ गते बसेको इजलासले आरोपितलाई पुर्पपक्षका लागि थुनामा पठायो। मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**सुदूरपश्चिम प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : खड्कराज जोशी, **संयोजन/सम्पादन** : कृष्णबहादुर बि.क.,

**व्यवस्थापक** : राजकुमार चौधरी, रामबहादुर चौधरी, हरिसिंह बि.क.

धनगढी उमनपा-५, उत्तरबेहडी, धनगढी, कैलाली, फोन : ०९१-५२२५७६/५२१४४६, फ्याक्स : ०९१-५२३२४

**इमेल :** dhangadhi@insec.org.np, **Website :** www.inseconline.org